# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आमाछोदिङमो गाउँपालिका

## रसुवा

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## आमाछोदिङमो गाउँपालिका

## रसुवा

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

आमाछोदिङमो गाउँपालिका

रसुवा

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

२०८१ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
वागमती प्रदेश

मितिः२०८१।०२।०८

प.सं. २०८०।८१
च.नं. ६३

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,
आमाछोदिङमो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा ।

१. **कैफियत सहितको राय** — हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**
२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन ।
२.२. लेखापरीक्षणबाट रू.२ करोड २८ लाख ७७ हजार बेरूजू देखिएको छ । सो सम्बन्धमा असुल गर्नुपर्ने रू १० लाख २२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ५४ लाख ३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ४७ लाख ९१ हजार र पेश्की बाँकी रू. १० लाख ६१ हजार समेत रू रू. २ करोड २८ लाख ७७ हजार रहेको छ । आमाछोदिङमो गाउँपालिकाको गतवर्ष सम्म रू. १३ करोड ४९ लाख ७२ हजार बेरूजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू. १५ करोड ७८ लाख ४९ हजार रहेको छ ।यस गाउँपालिकाको बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ती र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन,

उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(शंकर प्रसाद पन्थी)

**नायब महालेखापरीक्षक**

## आमाछोदिङमो गाउँपालिका,
## रसुवा

### १. चालु वर्ष २०७९।८० को बेरूजु

**बेरूजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

(रू. हजारमा)

| प्रारम्भिक बेरूजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरूजु | | | बेरूजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५० | २८ | २२८७७ | ० | ० | ० | ५० | २८ | २२८७७ | १६२२ | १४७९१ | ५४०३ | ० | ० | २०१९४ | १०६१ |

### २. अद्यावधिक बेरूजु स्थिति (२०७९।८० सम्मको)

(रू. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरूजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरूजु | यो वर्षको बेरूजु | कुल बेरूजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | १३४९७२ | ० | ० | १३४९७२ | ० | २२८७७ | १५७८४९ |

### ३. बेरूजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरूजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | प्रतिक्रिया र संपरीक्षण नआएको | | |

गाउँपालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **(क) कार्यालय परिचय** - स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस आमाछोदिङमो गाउँपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, ३० सभा सदस्य, ६८३ वर्ग किलोमिटर क्षेत्रफल तथा ७ हजार ३५२ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८०।५।१७ देखि मिति २०८०।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - गाउँपालिकाको जम्मा प्राप्ती र खर्च वरावरको जम्मा रू. ४२८७३७३८७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) **लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा रू. ४१४६८ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **वित्तीय विवरण -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based financial Statement वमोजिमको ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । गाउँपालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छ -

• गाउँपालिकाले गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी सञ्चितकोषको खाता राखेको छैन । गाउँपालिकाले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आर्थिक विवरणमा सञ्चितकोषको आम्दानी रू. ४२,८७,३७,३८७.३७ उल्लेख गरेको छ ।गाउँपालिकाको लेखाप्रणाली व्यवस्थापन गर्ने SUTRA प्रणालीको म.ले.प.फा.न. २७२ मा सञ्चितकोको आम्दानी रू. ३२,७०,८४,७५८.९३ देखिन्छ भने सोही प्रणालीको सञ्चित कोषको अवस्था देखिने अनुसूची १० मा सञ्चितकोषमा यो वर्ष रू. ३२,५५,२४,२८९.९३ प्राप्त भएको उल्लेख छ। विभिन्न प्रतिवेदनमा सञ्चित कोषको हिसाव फरक फरक देखिएकोमा गाउँपालिकाले खाता अद्यावधिक गरी हिसाव समायोजन गरेको छैन । सञ्चित कोषको हिसाव यकिन हुने गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

• गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार सञ्चित कोषको मौज्दात रू.९८१५१७२१.८ र अन्य कोष तथा धरौटीको मौज्दात रू.१००९६९८९.२० समेत रू. १०८२४८७११.०० मौज्दात रहेकोमा गाउँपालिकाको म.ले.प.फा.२७२ मा रू. ३८७०२७६५.०५ मात्र जिम्मेवारी अ.ल्या. देखिएको छ ।गाउँपालिकाले म्यानुअल रूपमा एकीकृत आ.वि. तयार गरी लेखापरीक्षणको लागि पेश गरेको कारण समग्रमा गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा हिसाब समायोजन गरी मिलान गरेको छ । लेखापरीक्षणमा पेश गरेको एकीकृत आर्थिक विवरण अनुसार सुत्रमासमेत समायोजन गरी हिसाव अद्यावधिक गर्नु पर्दछ ।

• म.ले.प.फा.२७२ को अनूसूची २४ अनुसार विभिन्न कोषसमेत गाउँपालिकाको यस वर्षको मौज्दात बाँकी रू.४६९०४८१२.८८ रहेको देखिन्छ।गाउँपालिकाले पेश गरेको बैंक स्टेटमेन्ट अनुसार रू.१००८८०४७१.०० देखिन्छ । जसअनुसार म.ले.प.फा.२७२ र बैंक स्टेटमेन्ट रू.५३९७५६५८.१० ले फरक देखिएको छ । गाउँपालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा रू. १००८८०४७१.०० मौज्दात देखिएको छ । सुत्र व्यवस्थापकसँग समन्वय गरी एकीकृत आर्थिक विवरण र सुत्र प्रणाली बोच हिसाव समायोजन गरी मिलान गर्नु पर्दछ ।

• गत वर्षको लेखापरीक्षण प्रतिवेदन तथा गाउँपालिकाले लेखापरीक्षणको लागि पेश गरेको आर्थिक विवरणअनुसार कोष तथा धरौटीमा रू. १००९६९८९.२० मौज्दात रहेको देखिन्छ । गाउँपालिकाको म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा विभिन्न कोष र धरौटी समेतको मौज्दात रू ४९२८७२६.५२ जिम्मेवारी सारेको देखिन्छ । गाउँपालिकाले म्यानुअली तयार गरेको एकीकृत आर्थिक विवरणमा यो वर्षको आम्दानी रू ४२८७३७३८७.७८ र खर्च रू .३२७८५६९१७.०० खर्च भई रू.१००९१६४७१.०० बाँकी रहेको देखिन्छ । गाउँपालिकाको म.ले.प.फा.नं. २७२ को अनुसूची १५ मा विभिन्न कोष र धरौटीसमेतको मौज्दात रू.४८७९४०३.१९ मात्र देखिएको छ।यसरी गाउँपालिकाको म.ले.प.फा.नं. २७२ ले कोषको यथार्थ विवरण प्रस्तुत गर्न सकेको देखिएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचाको पुर्ण प्रयोग गरी प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूची २ मा संलग्न छ ।)**

३ **हिसाव मिलान नगरेको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रूपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्थानीय सञ्चित कोषको रकम रू ५४५०.०० फरक परेको छ । साथै गाउँपालिकाले म्यान्युअल तयार गरेर दिएको एकिकृत विवरण र सुत्रको २७२ मा मौज्दात बाँकिको समेत विवरण भिडान हुदैन ।निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| **सि.नं.** | **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|---|
| १ | धरौटी खाता | ३२१२७४०.५२ | ३२१२७४०.५२ | ० |
| २ | स्थानीय सञ्चित कोष | ४२०१९९५९.६९ | ४२०२५४०९.६९ | ५४५० |
| ३ | प्रकोप व्यवस्थापन कोष | ८१०१६३.०० | ८१०१६३.०० | ० |
| ४ | विविध खर्च खाता | ४०००००.०० | ४०००००.०० | ० |

सैद्धान्तिक बेरूजु

४ **जिम्मेवारी फरक सारेको** - स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रू. १०२६४१३०७.०० मौज्दात कायम भएकोमा यो बर्षको शुरूमा रू. १०८२४८७११.०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू. ५६०७४०४.०० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिन्छ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन् -

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन,

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउगाउँपालिका तथा नगरगाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरू हुनुभन्दा पन्ध्र दिन अगावै गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस गाउँपालिकाले हालसम्म ऐन २ वटा कार्यविधि २१ निर्माण गरी कार्यान्यनमा ल्याएको छ,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाउँपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रू. ३ करोड ५० लाख ६९ हजार खर्च लेखेको पाईयो,

• गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको तलबि प्रतिवेदन शिक्षक किताबखानाबाट पारित गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष शिक्षकको तलवी प्रतिवेदन पारित नगरी रू ३ करोड ८२ हजार खर्च लेखेको पाइयो,

• गाउँपालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,

• गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी गाउँपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा जिन्सी निरीक्षण प्रतिवेदन तयार गरेको देखिएन । उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता राखेकोमा कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन,

• गाउँपालिकाले आयोजनाकार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन र

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।
तसर्थ गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरूजु

## ६ संगठन तथा कर्मचारी ब्यवस्थापन

६.१ **कर्मचारी करार -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले विभिन्न ५३ पदमा ५३ जना कर्मचारीहरू करारमा राखी रू. १९१८११५९.०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम गाउँपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा

लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर सब इन्जिनियर लगायतका १० पदमा १० जना करार नियुक्ति गरी बर्षभरीमा रू. ६८२३६५०.०० भुक्तानी गरेको अनियमित देखएको रू.......

| | |
|---|---|
| अनियमित भएको | ६८,२३,६५० |

६.२ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष रू २८८१८१.०० प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

६.३ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रू. ५ लाख ट्रान्सफर गरी हालसम्म रू १७ लाख ५० हजार जम्मा गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी गाउँपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी गाउँपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

७ **न्यायिक समितिको काम-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ मुद्धा दर्ता भएकोमा फर्स्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

८ **आन्तरिक लेखापरीक्षण-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७८।७९ को

अन्तर सरकारी अख्तियारी वाहेक बाँकि सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । गाउँपालिकाले आन्तरिक लेखापरीक्षणको लागि १ दरवन्दी रहेकोमा उक्त दरबन्दीमा कर्मचारी पदपूर्ति हुन नसकेको कारण सम्पूर्ण कारोवारको आन्तरिक लेखापरीक्षण भएको छैन । रिक्त दरवन्दीमा पदपूर्ति गरी कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

९ **आर्थिक सहायता-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विरामी आगोलागी पिडित लगायको लागि यो वर्ष २३ व्यक्ति एवं संघ संस्थालाई रू. ९ लाख २३ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१० **विविध तथा खाना खर्च-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रू. ४ लाख खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

## ११ अनुदान प्राप्ती, वितरण र फिर्ता

११.१ **अनुदान फिर्ता-** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा २०८०।३।२६ मा फिर्ता गरेको देखिन्छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ७४५५०२६०.०० | ५५९५२७८९.०० | १८५९७४७१.०० |
| | विषेश | २८३६५९७.०० | १४३१९४.०० | १३६३४०३.०० |
| | समपुरक | ९१७२५००.०० | ८३४५०००.०० | ८२७५००.०० |

| | | | | |
|---|---|---|---|---|
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| **प्रदेश सरकार** | शसर्त | १६८७८७३२.०० | १५८२०५५०.०० | २१९७२७८.०० |
| | विषेश | ०.०० | ०.०० | ० |
| | समपुरक | ६२४१९०७.०० | ४९८३८१४.०० | १२५८०९३.०० |
| | अन्य | ०.०० | ०.०० | ०.०० |
| | **जम्मा** | **१०९६७९९९६.००** | **८५४३६६२५१.००** | **२४२४३७४५.००** |

सैद्धान्तिक बेरूजु

११.२ **अनुदानको अनुगमन -** सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार कृषिमा यस वर्ष २९७९ जना कृषकलाई रू. २७ लाख ४७ हजार वरावरको कृषि विउविजन कृषि सामाग्री तथा औषधि लगायतको अनुदान वितरणमा खर्च लेखेको देखिन्छ । गाउँपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

११.३ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च -** पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरूत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रू. १२ लाख १५ हजार भुक्तानी दिएको पाईयो ।

| **गो भौ नं र मिति** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम** |
|---|---|---|---|
| ८३।२०८०।२।१८ | सानु बहादुर तामाङ | जनचेतना तालिम | ६५०००.०० |

| | | | |
|---|---|---|---|
| ८५।२०८०।२।१८ | उजलिङ्क मिडिया प्रा लि | वृत चित्र | ३४७०००.०० |
| १२९।२०८०।३।१९ | प्रेम बहादुर घले | चेतनामुलक कार्यक्रम | ४५०००.०० |
| १६०।२०८०।३।२४ | अन्नपूर्ण स्पिकर | चर्चको लागि सामान खरिद | १९८४२८.०० |
| १५३।२०८०।३।२३ | एसपि ट्रेड एण्ड सप्लायर्स | सामान खरिद | ५९९९७.०० |
| १६५।२०८०।३।२४ | हिमालयन मानव सेवा समाज | सामान खरिद | ५०००००.०० |
| | **जम्मा** | | १२१५४२५.०० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१२ **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरगाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ- गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गराउनु/अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१३ **पदाधिकारी सुविधा**

१३.१ **पदाधिकारी सुविधा -** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची—२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरू गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरू खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १ मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । गाउँपालिकाले नयाँ ऐन अनुसार पदाधिकारीलाई मासिक पारिश्रमिकको सट्टा ऐनले तोकेवमोजिमको सुविधा वापत २८ जनालाई आर्थिक वर्षको जम्मा रू ४६ लाख २ हजार खर्च लेखेको देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१३.२ **पदाधिकारी अन्य सुविधा -** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरूले अनूसूची १ मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर गाउँपालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी दैनिक भ्रमण भत्ता वापत रू १६००.०० को दरले भुक्तानी गर्नुपर्नेमा रू १८००.०० का दरले भुक्तानी गरेकोले रू ५६५०.०० बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रू..........

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,६५० |

१३.३ **पदाधिकारी थप सुविधा -** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ (क) (१) मा स्थानीय तअका पदाधिकारीहरूले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । साथै सोही ऐनको दफा १२ ले पदाधिकारी, सदस्य तथा सभाका सदस्यको लागि कुनै सुविधा निर्धारण गर्नुपर्दा यस ऐनमा तोकीएको सुविधालाई अधिकतम् मानेर आफ्नो अधिकार क्षेत्र भित्र रहेर आर्थिक स्रोत तथा क्षमताका आधारमा निर्धारण गर्न सक्ने व्यवस्था गरेको छ । जसअनुसार गाउँपालिकाको अध्यक्ष बुचुङ तामाङलाई दशैं खर्च वापत रू. ३३५००.०० र यातयात खर्च वापत वडा अध्यक्ष धर्म तामाङलाई रू १२०००.०० समेत जम्मा रू ४५५००.०० खर्च लेखेको छ । कानूनमा व्यवस्था नभएको उक्त रकम असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४५,५०० |

## १४ योजना तर्जुमा, बजेट तथा कार्यक्रम

१४.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यगाउँपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष उप प्रमुख श्री चण्डिका तामाङ्गले २०७९।३।१४ गते रू. ३३ करोड १९ लाख २८ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७९।३।१४ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।४।३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१४.२ **अबण्डा बजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो बर्ष रू २० लाख भैपरी आउने गरी अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यगाउँपालिकाको २०७९।९।७ को निर्णयबाट चालुतर्फ ३ शीर्षकमा रू १८ लाख र पूँजीगततर्फ एक शीर्षकमा रू २ लाख बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यगाउँपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४.३ **चौमासिक पूँजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **सि.नं.** | **पूँजीगत खर्च शीर्षक** | **कुल खर्च** | **चौमासिक खर्च (रू.हजारमा)** | | |
|---|---|---|---|---|---|
| | | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेसोचौमासिक** |
| १ | गाउँपालिका पूजिगत | १३९९०३.०० | १०३७९.०० | १५०७२.०० | ११४४५२.०० |
| | कूल खर्चः | १३९९०३.०० | १०३७९.०० | १५०७२.०० | ११४४५२.०० |
| | खर्च प्रतिशत | १००.०० | ७.४२ | १०.७७ | ८१.८० |

गाउँपालिकाले पुजीगत खर्चको विश्लेषण गर्दा तीनै चौमासिकमा समानुपातिक रूपमा खर्च गर्नुपर्नेमा पूजिगत बजेटको ८२ प्रतिशत बजेट खर्च अन्तिम चौमासिकमा भएको देखिएकोले गाउँपालिकाको प्राविधिक कर्मचारीबाट अनुगमन निरीक्षणमा समेत समस्या हुने हुँदा खर्च गर्दा चौमासिक रूपमा सन्तुलन मिलाई खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१४.४ **बिनियोजनभन्दा वढी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ । यस गाउँपालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रू. १० लाख ९६ हजार बढी खर्च गरेको अनियमित देखिएको रू.

| सि.नं. | शीर्षक | विनियोजित रकम | खर्च भएको रकम | बढी खर्च भएको रकम |
|---|---|---|---|---|
| १ | छोगल देखि बोङ्जो डाडा सम्म पर्यटन पदमार्ग निर्माण | ० | १३२०००.०० | १३२०००.०० |
| २ | करार सेवा शुल्क | १००००००.०० | १६२९०००.०० | ६२९०००.०० |
| ३ | एमआइएस अपरेटर फील्ड सहायक पारिश्रमिक | ७३५०००.०० | १०५५०००.०० | ३२००००.०० |
| ४ | कृषि स्नातक करार | ४८००००.०० | ४९५०००.०० | १५०००.०० |
| | जम्मा | २२१५०००.०० | ३३११०००.०० | १०९६०००.०० |

निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | १०,९६,००० |

१४.५ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस गाउँपालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २७४५०.०० | २४२६६.०० | ८.३३ |
| सामाजिक क्षेत्र | १४१९३०.०० | ११४००७.०० | ३९.१० |
| पूर्वाधार विकास क्षेत्र | ११६३५०.०० | ९३६०३.०० | ३२.१० |
| वातावरण तथा विपद् व्यवस्थापन | ०.०० | ०.०० | ० |
| संस्थागत विकास र सेवा प्रवाह | ०.०० | ०.०० | ० |
| वित्तीय व्यवस्थापन र सुशासन | ६७५२.०० | ३३९.०० | ०.१२ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | ७४९९८.०० | ५९३६४.०० | २०.३५ |
| **जम्मा** | **३६७४८१.००** | **२९१५७९.००** | **१००.००** |

गाउँपालिकाले आर्थिक विकासमा कुल खर्चको जम्मा ८ प्रतिशत मात्र खर्च गरेको देखिन्छ । सामाजिक क्षेत्र र पूर्वाधार विकास क्षेत्रमा तोकिएको बजेट खर्च भएको देखिदैन । वातावरण तथा विपद व्यवस्थापन र वित्तिय व्यवस्थापन तर्फ गाउँपालिकाले बजेट नै छुट्याएको देखिदैन। प्रशासनिक खर्च तर्फ कुल खर्चको २० प्रतिशत खर्च गरेको देखिन्छ । गाउँपालिकाले विनियोजन दक्षता र खर्च कुशलता बढाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१४.६ **खर्च बिश्लेषण** - गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रू १० करोड ५१ लाख ९७ हजार ( गत वर्षको मौज्दात रू ९ करोड ८१ लाख ५१ हजार समेत) राजस्व बाँडफाँड र अनुदानबाट रू २६ करोड ३० लाख ४६ हजारसमेत रू ३६ करोड ८२ लाख ४३ हजार आम्दानी भएकोमा चालु तर्फ रू १५ करोड १६ लाख ७५ हजार र पूँजिगत तर्फ रू १३ करोड ९९ लाख ३ हजार समेत रू २९ करोड १५ लाख ७९ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.९१ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू ४६ लाख २ हजार खर्च भएको छ जुन आन्तरिक आयको ६५ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४१.१८ प्रतिशत चालु र ३८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

## १५ कर दस्तुर एवं आन्तरिक आय

१५.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकिकृत सम्पत्ती कर | २८०००००.०० | १०३२०६८.०० | ३७ |
| भूमिकर मालपोत कर | ००.०० | २००००.०० | |
| वहाल कर | ००.०० | ७७०००.०० | |
| व्यवसाय कर | ००.०० | ९३५२०.०० | |

| | | | |
|---|---|---|---|
| नाता प्रमाणित दस्तुर | ००.०० | २००००.०० | |
| नक्सापास दस्तुर | ००.०० | ४०२३१.०० | |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१५.२ **भूमीकर /मालपोत आम्दानी** - गाउँपालिकाले यो वर्ष मालपोत रकम असुल गरेको देखिएन । गाउँपालिकाले आर्थिक ऐनमा मूमिकर सम्वन्धमा गाउँपालिका क्षेत्रभित्र जग्गा रजिष्ट्रेशन वापतको दस्तुर प्रदेश कानून बमोजिम बाँडफाँट हुनेगरी प्राप्त हुने उल्लेख गरेको देखियो ।आर्थिक ऐनद्वारा मालपोतको दर निर्धारण गरी भूमीकर असुल गर्नु पर्नेमा गरेको देखिएन । गाउँपालिकाको राजस्वको महत्वपूर्ण क्षेत्रनै करको दायरामा नसमेटिएकोले गाउँपालिकाले मालपोत असुलीमा ध्यान दिनु पर्ने देखियो ।

सैद्धान्तिक बेरूजु

१५.३ **व्यवसाय कर** - गाउँपालिकाको आर्थिक ऐन २०७९ मा गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाईने र असुल गरिने उल्लेख छ ।यो वर्ष गाउँपालिकाले व्यवसाय दर्ता गरी शुल्क सँकलन गरे पनि व्यवसाय कर असुल गरेको छैन । गाउँपालिका क्षेत्र भित्र साना होटल, रेष्टुरेण्ट, कपडा पसल, जुत्ता चप्पल जस्ता व्यवसाय सञ्चालनमा रहे तापनि तिनीहरूबाट व्यवसाय कर प्राप्त नगरेकोले पारित आर्थिक ऐनको पालना गरी व्यवासाय कर उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

१६ **रित पूर्वकको कर विजक** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट समाना तथा निर्माण सेवा खरिद गर्दा मु.अ.करसमेत तपशिल वमोजिम भुक्तानी गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर गाउँपालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रू.

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | बिजकको अवस्था | भुक्तानी रकम | मु अ कर रकम |
|---|---|---|---|---|---|
| २३४।२०८०।१।१२ | रमण ट्रेड लिङ्क | ६१६२५९४२१.०० | बिजक केरमेट | २२२१००.०० | २८८७३.०० |
| ३१।२०८०।२।३० | रमण ट्रेड लिङ्क | ६१६२५९४२१.०० | बिजक केरमेट | २९६५०४.०० | ३८५४५.०० |
| | **जम्मा** | | | | ६७४१८.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,४१८ |

१७ **धरौटी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तीगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको विवरण अनुसार गतवर्षको धरौटी जिम्मेवारी रू.१९८२९७०.५५ यो वर्षको प्राप्त धरौटी आम्दानी रू.५७९०७३५.०० समेत जम्मा आम्दानी रू.७७७३७०५.५५ भएको मध्ये फिर्ता रू.८७०३५५.०० गरी बाँकी धरौटी रू.६९०३३५०.५५ देखिन्छ । व्यक्तिगत धरौटी खाता अद्यावधिक नगरेको कारण धरौटी खातामा मौज्दात रहेको रू.६९०३३५०.५५ मध्ये कुन वर्ष देखिको क कसको नामको के वापत धरौटी रहेको हो एकिन छैन् । व्यक्तिगत धरौटी खाता अद्यावधिक नहुँदा दोहोरो फिर्ता हुन सक्ने, वढी रकम फिर्ता हुन सक्ने जोखिम रहने हुँदा धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गरेर मात्र धरौटी फिर्ता गर्नुपर्दछ । प्रयोजन समाप्त भएका धरौटी सदरस्याहा गर्नुपर्ने र धरौटीको व्यक्तिगत अभिलेख खाता अद्यावधिक गर्नेपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

१८ **सामाजिक सुरक्षा तर्फ**

१८.१ **रिभर्स फिड** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ मा लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्दा केन्द्रिकृत व्यवस्थापन सूचना प्रणालीमा रहेको अनुसूची-७ बमोजिमको भरपाई प्रतिवेदन तथा अनुसूची-८ बमोजिमको फर्वाड फिड तथा बैंकले प्रत्येक त्रैमासीक समाप्त भएकोको ७ दिन भित्र भत्ता वितरण गरी सोको रिभर्स फिड तयार गरी हिसाब मिलान गरी बाँकी रकम फिर्ता गर्नुपर्ने उल्लेख छ । कार्यालयले ५ वटा वडामा भत्ता वितरण गर्न बैंकलाई रू.३५४०८५६१.८१ निकासा गरेकोमा रू. ३५२३५५१०.८१ लाभग्राहीको खातामा रकम जम्मा गरेको भनी रू १७३०५१.०० मिति २०८०।४।७ मा संचितकोष फिर्ता गरेको छ । प्रत्येक त्रैमासिकको रिभर्स फिड तयार गरी हिसाब मिलान गर्नुपर्नेमा बैंकले सो गरेको पाइएन ।

जसले गर्दा भत्ता वितरण तथा हिसाब मिलान सम्बन्धमा यकिन हुने आधार रहेन । कार्यविधिमा रहेको व्यवस्था बमोजिम रिभर्स फिड तयार गरी हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

१८.२ **दोहोरो भुक्तानी** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम लाभग्रहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिका को उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगतार एकवर्ष खाता निष्क्रिय भएमा, समाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाईसरी अन्यत्र गएमा र अयोग्य व्यक्तिको भत्ता प्राप्त गरेको प्रमाणित भएमा, स्थानिय तहको वडा कार्यालयमा ३५ दिनभित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राही घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य, वडा सचिव वा कार्यरत कर्मचारीहरूले घटना भएको लगतकट्टाः जानकारी पाएमा सत्य तथ्य बूझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा केही वडाहरूको सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण नमूना छनौट गरी हेर्दा गत विगत आ.व मै मृत्यु भै सकेका व्यक्तिहरूको खातामा समेत निकासा भएको देखिएको छ । यस सम्बन्धमा कार्यालयले थप छानविन गरी वढी निकाशा भएको रकम फिर्ता लिनु पर्दछ । देहायका व्यक्तिहरूको मृत्यु पश्चात समेत निजहरूको खातामा रकम निकाशा भएको देखिन्छ । कार्यालयको अभिलेख अनुसार मृत्यु भएका लाभग्राहीको लगत अद्यावधिक नगरी निजहरूको खातामा रकम निकाशा गर्न नमिल्ने हुंदा मृत्यु पश्चात निकाशा भएको देहाय अनुसारको रकम फिर्ता लिइ संघिय संचितकोष दाखिला हुनुपर्ने रू.

| **वडा** | **नाम** | **मृत्यु भएको मिति** | **नागरिकता नं.** | **रकम निकासा अवधी** | **दर (प्रति महिना)** | **वढी निकासा रकम** |
|---|---|---|---|---|---|---|
| १ | पोक्ची तामाङनी | २०७९।१०।११ | ३५२/५९८ | तेस्रो त्रैमासिक पुरै | ४००० | १०५३४ |
| | दुण्डुप तमाङ | २०७९।७।३० | १७८/५८८ | चौथो त्रैमासिकआंशिक | ४००० | ८००० |
| | उर्पा तमाङ | २०७९।१२।१२ | ३३९/६०७ | १८ दिनको बढी | ४००० | २४०० |
| २ | डण्डुल तमाङ | २०८०।१।६ | १६६/३०६ | चौथो त्रैमासिक पुरै | ४००० | ११२०० |
| ३ | फुर्पु चिमा तमाङ | २०८०।१।१ | १७७/१५५ | चौथो त्रैमासिक पुरै | ४००० | ११८६६ |
| | पेम्वा नाम्ग्याल तमाङ | २०७९।१०।११ | ३५०/४१० | चौथो त्रैमासिक आंशिक | ४००० | १०५३३ |
| ४ | फेसिङ लेम्बा तमाङ | २०७९।९।१३ | ५१६ | चौथो त्रैमासिक पुरै | ४००० | २२६६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | फुर्पु छोमु तामाङी | २०८०।२।१४ | १३९/३९८ | चौथो त्रैमासिक पुरै | ४००० | ६१३३ |
| ५ | सोनाम साङबो तमाङ | २०७९।८।७ | ५७७ | दोस्रो त्रैमासिक पुरै | ४००० | ७०६७ |
| | बाबुलाल श्रेष्ठ | २०७९।६।१६ | १/६।२० | प्रथम त्रैमासिक पुरै | ४००० | १८६७ |
| | दावा छेण्डे तमाङ | २०८०।१।२ | ५१७/१९९ | चौथो त्रैमासिक पुरै | ४००० | ११७३४ |
| | तेन्जेन तमाङ | २०७९।१२।२६ | ३३/४४ | चौथो त्रैमासिक आंशिक | ४००० | ५३४ |
| | जम्माः | | | | | ८४१३४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८४,१३४ |

**(विस्तृत विवरण बेरूजु दफा १८.२ सँग सम्बन्धित अनुसूची ३ मा संलग्न छ ।)**

१९ **उपभोक्ता समितिबाट जटिल संरचना निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, कल्भर्ट, ओभरहेड टंकी, ढलान सडक, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो ।यस्ता कार्य गर्दा उपभोक्ता समितिबाट निर्माण भएको कामको गुणस्तर परीक्षण समेत नगरेकोले उपभोक्ता समितले गरेको काम गुणस्तर छ भन्न सकिने अवस्था छैन। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ५३।२०८०।१।१३ | पुरानो सामुदायिक भवन निर्माण उ स | सामुदयिक भवन निर्माण | ९३८०५९ |
| १३२।२०८०।३।१९ | ग्रे आ वि भवन निर्माण र मर्मत उ स | विद्यालय भवन निर्माण र मर्मत | २०४८७०७ |
| १३८।२०८०।३।२२ | २ नं वडा भवन निर्माण उ स | २ नं वडा कार्यालय भवन निर्माण | ७२५५७८ |
| १२८।२०८०।३।१७ | गोल्जुङ सडक ढलान उ स | सडक ढलान | २८७४१०२ |

| | | | |
|---|---|---|---|
| ९७।२०८०।२।२५ | थाम्बुचेत सडक निर्माण उ स | सडक ढलान समेत | ३७१९९२१ |
| | **जम्मा** | | १०३०६३६७ |

नियमाबलीको ब्यबस्था अनुरूप उपभोक्ता समितिलाई तोकिएको काम मात्र गराउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२० **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रू.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रू.१० लाखभन्दा माथि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष पूँजीगत शिर्षकबाट गो भौ नं १४७ र १४८ बाट मेघा हव ट्रेडिङ प्रालिबाट ११० वटा २० वाटको सोलार विथ टुकि समेत रू ९९४००० मा खरिद गरेकोमा सोही सामान सोहि मितिमा शिखर रिनियबल इनर्जि प्रालिबाट ११० थान नै रू ९९४००० मा खरिद गरेको देखिन्छ । वस्तु वा सेवा खरिद गर्दा नियमावलीले तोकेको प्रक्रिया पुरा नगरी प्रतिस्पर्धात्मक विधि नपनाइ सोझै खरिद गरेको अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १९,८८,००० |

२१ **उपभोक्ता समितिबाट निर्माण** - गाउँपालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराएको सम्वन्धमा परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

२१.१ **उपभोक्ता समिमितबाट निर्माण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(३)(ख) मा सार्वजनिक निकायले उपभोक्ता समितवाट निर्माण कार्यको लागत अनुमान तयार गर्ने स्वीकृत गर्ने प्राविधिक सल्लाह दिने नापजाच गर्ने तथा सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने व्यवस्था खरिद सम्झौतामा उल्लेख गर्ने उल्लेख गरेको देखिन्छ । साथै उपभोक्ता समितिले जटिल प्रकृतिका कार्य गर्न नसकिने व्यवस्था नियमावलीको नियम ९७(९) मा व्यवस्था गरेकोमा गाउँपालिकाले ८० उपभोक्ता समितिवाट रू ९ करोड ५५ लाख वरावरको निर्माण कार्य गरेको देखिन्छ । प्राय जसो उपभोक्ता समितिले ढलानको कार्य मेशिनरी कार्य ग्याविनको कार्य तथा भवन निर्माण जस्ता जटिल प्रकृतिका कार्य गर्ने गरेकोमा उक्त निर्माण कार्यमा गर्नुपर्ने ल्याव परीक्षण नहुने हुदाँ उपभोक्ता समितिले गरेको कार्यमा गुणस्तर कायम हुन नसक्ने हुदाँ नियमावलीले गरेको व्यवस्था वमोजिम जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिवाट नगर्ने तर्फ गाउँपालिकाले ध्यान दिनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२१.२ **हेभी इक्विपमेण्टको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा

लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति सँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यगाउँपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन -

| **गोभौनं./मिति** | **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** | **प्रयोग गरेको हेभी उपकरण** | **हेभी उपकरणमा भएको खर्च** |
|---|---|---|---|---|---|
| ७८।२०८०।२।१६ | बाहुन डाडा ग्रे सडक | सडक स्तरउन्नती | २५७६७१६ | एक्साभेटर र ब्रेकर | |
| ९०।२०८०।२।२२ | च्यामढोल गत्लाङ सडक | सडक स्तरउन्नती | ३२९७२१६ | एक्साभेटर र ब्रेकर | १९६६२०० |
| ९६।२०८०।२।२५ | ग्रे हाकु जोड्ने सडक निर्माण | सडक स्तरउन्नती | ४५०९००३ | एक्साभेटर र ब्रेकर | १३२११४८ |
| ८।२०८०।२।११ | गाङग्राम देखि कल्सिङ सम्म | सडक स्तरउन्नती | ४७७८३५४ | एक्साभेट | १०५६५५ |
| | **जम्मा** | | १५१६१२८९ | | ३३९३००३ |

सैद्धान्तिक बेरूजु

२१.३ **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरूप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा

नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन्ः

| **क. सं.** | **विवरण** | **योजना संख्या** | **रकम** |
|---|---|---|---|
| १ | रू १ लाख भन्दा कमको योजना | ० | ० |
| २ | रू एक लाख एक देखि पाँच लाख सम्मका योजना | ३५ | १२८०० |
| ३ | रू ५ लाख देखि १० लाख सम्मका योजना | २३ | २०४०० |
| ४ | दश लाख एक देखि ५० लाख सम्मका योजना | २२ | ६२३०० |
| ५ | ५० लाख भन्दा माथीका | ० | ० |
| | **जम्मा** | **८०** | **९५५००** |

सैद्धान्तिक बेरूजु

२१.४ **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । गाउँपालिकाले यो बर्ष विभिन्न ८० उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू ९ करोड ५५ लाख भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रूपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

२२ **फरक नर्म्सको प्रयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ वमोजिम १ करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिवाट गराउन सकिने व्यवस्था छ । साथै खरिद ऐनको दफा ५ वमोजिम निर्माण कार्यको तोकिए वमोजिम लागत अनुमान वनाउनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले सडक तथा भवन निर्माण कार्यमा सडक तथा भवनको स्वीकृत नर्म्स प्रयोग नगरी डोलिडारको नर्म्स प्रयोग गरेको देखियो । सडक विभागको स्विकृत नर्म्सको प्रयोग नगरी फरक नर्म्स प्रयोग गरेर उपभोक्ता समितिहरूसंग गाउँपालिकाले खरिद सम्झौता गरेको सोहि आधारमा नापी तथा कार्यसम्पन्न गरेर भुक्तानी गरेको देखिएकोले गाउँपालिकालाइ तपिशिल वमोजिम थप व्ययभार परेको रू

| गो भौ नं र मिति | उपभोक्ता समितिको नाम | आइटम | परीमाण | दिनुपर्ने दर | दिएको दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| ३१।२०७९।१२।२९ | गोसाइकुण्ड प्रा वि कम्पाउन्ड उ स | मेशिनरी१:६ | ८३ | ११४४७ | १३०४२ | १३२३८५ |
| ३४।२०७९।१२।२९ | हाकु बेसी ठूलो हाकु सडक | मेशिनरी१:६ | १८३ | ११४४७ | १३०४२ | २९१८८५ |
| ३६।२०७९।१२।२९ | तातोपानी वसपार्क टोल उ स | पिसीसी १:३:६ | १६ | १२१२१ | १५८५६ | ५९७६० |
| ६१।२०८०।२।४ | गत्लाङ जङरप्पा देखि गरापाङढलान | पिसीसी १:२:४ | १५४ | १४०७२ | १७८२० | ५७७१९२ |
| ६४।२०८०।२।५ | गोङगोङ प्रावि वाल निर्माण उ स | मेशिनरी१:४ | ५१ | ११९७९ | १४१४३ | ११०३६४ |
| | | मेशिनरी१:६ | १३ | ११४४७ | १३०४२ | २०७३५ |
| ६९।२०८०।२।१० | हाकुवेशी चौकि देखि पाङलिङ ढलान | पिसीसी १:३:६ | ४० | १२१२१ | १५७८६ | १४६६०० |
| ७२।२०८०।२।११ | गाङग्राङ देखि कल्सिङ ढलान उस | पिसीसी १:३:६ | ४५ | १२१२१ | १५८५६ | १४९४०० |
| ७४।२०८०।२।१२ | ठुलो हाकु गाउँमा सिढि नि उ स | पिसीसी १:३:६ | ५१ | १२१२१ | १५५८६ | १७६७१५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९७।२०८०।२।२५ | थाम्बुचेत सडक निर्माण उ स | पिसीसी १:२:४ | १४१ | १४०७२ | १७७८२ | ५२३११० |
| ९९।२०८०।२।२६ | गाङग्राङ देखि उपशाखा ढलान | पिसीसी १:३:६ | ४७ | १२१२१ | १५९९७ | १८२१७२ |
| १०९।२०८०।३।३ | टेबाबा देखि सवासम्म ढलान | पिसीसी १:३:६ | ३२ | १२१२१ | १५९९७ | १२४०३२ |
| ११५।२०८०।३।४ | चिलिमे गाउँ नालि निर्माण उ स | पिसीसी १:२:४ | ५४ | १४०७२ | १७८६२ | २०४६६० |
| १२०।२०८०।३।६ | पार्वती कुण्ड संरक्षण उ स | पिसीसी १:२:४ | ४३ | १४०७२ | १७८६२ | १६२९७० |
| | | मेशिनरी१:६ | १३ | ११४४७ | १३०७६ | २११७७ |
| १२८।२०८०।३।१७ | गोल्जुङ सडक ढलान उ स | पिसीसी १:२:४ | १२१ | १४०७२ | १७७५९ | ५१९८६७ |
| १३३।२०८०।३।१९ | नेसङ्ग गाउँ पिसिसि ढलान उ स | पिसीसी १:३:६ | ७१ | १२१२१ | १५९९७२ | २७५१९६ |
| | | | | | | ३६७८८१३ |

| | |
|---|---|
| अनियमित भएको | ३६,७८,२२० |

२३ **भर्पाइ नभएको** - आर्थिक कार्याविधी तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) वमोजिम खर्चको भुक्तानी गर्दा खर्चलाई पुष्टि हुने विल भर्पाइ संलग्न गरेर मात्र खर्च लेख्नुपर्दछ । गाउँपालिकाले खर्च लेखेको तपशिल वमोजिमको भुक्तानीमा खर्चलाई पुष्टाइ गर्ने विल भर्पाइ संलग्न नदेखिएकोले खर्चलाई पुष्टाइ गर्ने कागजात पेस गर्नुपर्ने रू

| गो भौ नं र मिति | व्यहोरा | प्यान नं | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १५२।२०८०।३।२३ पुजी | याक खरिद | ६०४१४५७०१ | १९८४०० | प्यानमा दर्ता भएता पनि विल नभएको |
| ३२२।२०८०।३।२० | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक | | ६७१३९ | १४० पुस्तक वितरणको खुल्ने प्रमाण कागजात छैन |
| जम्मा | | | **२६५५३९** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,६५,५३९ |

२४ **सवारी खरिद** - अर्थ मन्त्रालयबाट स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गाउँपालिकाले ४ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रू १४८१८०० खर्च गरेको छ। सवारी साधन खरिद गर्दा सार्वजनिक खरिद नियमावली वमोझिम १० लाख भन्दा बढिको खरिदमा सिलवन्दी दरवभाउबाट खरिद गर्नुपर्नेमा ट्रक्रा पारी २ प्याकेज बनाइ खरिद गरेको र निर्देशिका विपरित खरिद गरेको नियम सम्मत मान्न सकिदैन ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२५ **विस्तृत सम्भाव्यता अध्ययन** - बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरूयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।DPR तयार गर्दा कार्यालयले विभिन्न टुक्रा खरिद पारी सिलवन्दी र सोझै खरिद गरेको नियमसम्मत मान्न सकिदैन । डी.पी.आर.तयार गर्दा गाऊँगाउँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाऊँगाउँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरू कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । विस्तृत सम्भाव्यता अध्ययन गर्दा आयोजना कार्यान्वयनको लागि लाग्ने खर्च सहितको लागत अनुमान सहितको प्रतिवेदन परामर्शदाताले दिनुपर्नेमा गुरूयोजनामा आयोजनाको लागत नै नखुलाई प्रतिवेदन पेस गरेको नियमसम्मत मान्न सकिदैन।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| सडक गुरूयोजना | रोयल एक्सिस इन्जिनिनियरिङ प्रा लि | १५७०००० | १५७०००० |
| च्याम्दोल गतलाङ र बोङ्जो डाडा जोड्ने सडक | माइलस्टोन डिजाइन एण्ड प्लानिङ कन्सल्ट प्रा लि | ४३५००० | ४३५००० |
| गाउँपालिका गुम्बाको **DPR** | एक्सटेनेबल इन्भाइरोमेन्टल इन्जिनिनयरिङ कन्सल्ट प्रा लि | १९८६५४० | १९८६५४० |
| पर्यटन गुरूयोजना | इन्टेन्सीभ स्टडि एण्ड रिसर्च सेन्टर प्रा लि | १४८५६०७ | १४८५६०७ |
| भोटेकोशी खोला गरे बुङजोङ गदलाङ सडक | इम्बर्क इन्जिनियरिङ सर्भिस प्रालि | ९९९३७२ | ९९९३७२ |
| तिम्बुसिङ देखि गोल्जङ हुदैं पलगुम्बा सम्म पर्यटकिय पदमार्ग | इन्फ्रा डेप्लप कन्सल्ट प्रा लि | ४९४९४० | ४९४९४० |
| जम्माः | | ६९७१४५९ | ६९७१४५९ |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२६ **प्रदेश पूँजिगत** - गाउँपालिकाले प्रदेश पूँजिगतबाट निर्माण कार्य गर्दा उपभोक्ता समितिबाट तपशिल वमोजिमको निर्माण कार्य गरेको देखिन्छ । निर्माण कार्य गर्दा उपभोक्ता समितिबाट जटिल प्रकृतिका निर्माण कार्य गरेको र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको नदेखिएकोले उपभोक्ता समितिबाट गरिएको खरिद कार्यमा गुणस्तर कायम भएको छ भन्न सकिने अवस्था छैन ।

| गो भौ नं र मिति | उपभोक्ता समिति | कामको विवरण | भुक्तानी रकम | मूख्य आइटम |
|---|---|---|---|---|
| ८।२०८०।२।११ | गाङग्राम देखि कल्सिङ सम्म ढलान | सडक ढलान | ४७७८३५४ | पिसिसि प्लम वाल ग्याविन |
| १०।२०८०।२।३२ | पाल्जुङ वस्ती संरक्षण उ स | वस्ती संरक्षण | २४००००० | ग्याविन कार्य |

| | | | | |
|---|---|---|---|---|
| १२।२०८०।३।१९ | चौतारी डाँडा वस्ती संरक्षण उ स | वस्ती संरक्षण | २३८१६३१ | पिसिसि नालि निर्माण |
| १५।२०८०।३।१९ | ग्रे नसिङ सडक उ स | सडक निर्माण | ४३००९२९ | मेशिनरी ग्याविन समेत |

सैद्धान्तिक बेरूजु

२७ **ठेक्का व्यवस्थापन** - गाउँपालिकाले यस वर्ष र विगत वर्षदेखि जिम्मेवारी सरी आएका ठेक्काहरू लेखापीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

२७.१ **गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १११ वमोजिम निर्माण कार्य गर्दा गुणस्तर आश्वस्तता योजना वनाइ कार्यालयबाट सो योजना अनुसार काम भए नभएको परीक्षण गरेर मात्र भुक्तानी गर्नपर्ने व्यवस्था छ । गाउँपालिकाले खानेपानी योजनाको सम्झौता गर्दा गुणस्तर आस्वस्थता योजना पेस गर्न लगाएको देखिएन । कुनै पनि स्टक्चरको भुक्तानी गर्दा गुणस्तर परीक्षण नगरेकोले गाउँपालिकाले निर्माण गरेको कार्यमा गुणस्तर कायम भएको एकिन हुन सकिएन । खरिद सम्झौता गर्दा र भुक्तानी गर्दा गुणस्तर कायम हुने गरेर मात्र गर्नुपर्दछ ।

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **काम** | **सम्झौता रकम** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| ३।२०७९।८० | रेडपाण्डा निर्माण सेवा | खानेपानी निर्माण | २९३२४७० | २८३६५९७ | पाइप र पिसिसि |
| ४।२०७७।७८ | सि एम नव जानुकादेवि जेभि | पार्वती कुण्ड बुद्द पार्क निर्माण | ३१२२९३६० | २९६०२१८६ | M10,m25,Plum, mechineary डण्डी |

सैद्धान्तिक बेरूजु

२७.२ **ग्रे नेसिङ ठूलो हाकु सडक निर्माण -** ग्रेनेसिङ ठुलो हाकु सडक निर्माण गर्नका लागि ९४७४३३६ मा रेड पाण्डा निर्माण सेवासंग मिति २०७९।१२।८ मा खरिद सम्झौता गरेको देखिन्छ । २०८०।३।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा लेखापरीक्षण अधवीसम्म निर्माण कार्य सम्पन्न गरेको देखिदैन। सडकनिर्माणको लागत अनुमान तयार गर्दा हार्ड रक कटिङ गर्ने गरी १० देखि १०० प्रतिशतसम्म हार्ड रक कटिङको परिमाण राखेर लागत अनुमान तयार गरी खरिद सम्झौता गरेको देखिन्छ।भुक्तानी गर्दा समेत निर्माण व्यवसायीलाई

cross section समेत तयार नगरी लागत अनुमान जसरी अनुमानको आधारमा हार्ड रकको अधिकतम १०० प्रतिशतसम्म राखी १०१०५ घनमिटरको ३५१ को दरले रू ३५४६९२५ भुक्तानी गरेको देखियो । हार्ड रकको नापी पुष्टि हुने प्रमाण पेस नगरी भुक्तानी गरेको देखिएकोले प्राविधिक पुष्टाइ हुने प्रमाण पेस गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,४६,९२५ |

२७.३ **ढुङ्गाको बढि भुक्तानी** - स्टान्ड्रड स्पेशिफिकेसन अप रोड एण्ड ब्रिज २०७५ अनुसार तयार पारीएको दर विश्लेक्षणमा हार्ड रक कटिङ गर्दा उक्त ढुङ्गा प्रयोग हुने भएमा ढुङ्गाको दर ५० प्रतिशत घटाउनु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले ग्रे नसिङ ठुलो हाकु सडक निर्माण गर्दा २३७ घनमिटर ग्याविनको कार्य गरेको देखिएको र सोही सडकमा १०१५० घनमिटर हार्ड रक समेत कटिङ भएको अवस्थामा सो ढुङ्गा ग्याविन कार्यमा प्रयोग हुने हुदाँ दर विश्लेषणमा ढुङ्गाको दर १६७७ राखी विश्लेषण गरेको र ५० प्रतिशत दर घटाए नदेखिएकोले ५० प्रतिशत दरले हुने रू १९८७२४ बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९८,७२४ |

२७.४ **म्याद थप** - ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना)को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्का को काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्थाहरू छन् । गाउँपालिकाले तपिशल वमोजिमका ठेक्का को म्याद थप गर्दा निर्माण व्यवसायीले २१ दिन अगाडि म्याद थपको निवेदन नदिएको बीमा लगायत कागजातको म्याद थप नगरी निवदेन दिएको इन्जिनियरले साइटमा डेली डाएरी नराखेको तथा म्याद थप गर्दा समेत दिनगन्तीका आधारमा नगरी लमसमका आधारमा उचित र पर्याप्त कारण बीना नै निर्माण कार्यको म्याद कार्यागाउँपालिकाले थप गरेको देखिन्छ । तोकिएको समयमा निर्माण कार्य नगर्ने निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार कार्वाही नगरी म्याद थप गर्दै जानु नियमसम्मत मान्न सकिदैन ।

| **ठेक्का नं** | **निर्माण व्यावासयी** | **कामको विवरण** | **शुरू म्याद** | **म्याद थप** | **कैफियत** |
|---|---|---|---|---|---|
| २।२०७९।८० | रेड पाण्डा निर्माण सेवा | ग्रे नेसिङ ठूलो हाकु सडक | २०८०।३।१५ | २०८०।९।१५ | २१ दिन अघि निवेदन नभएको |
| ४।२०७८।७९ | रसुवा घिसिङ विल्ड्रस | रोङ खोला | २०७९।३।१५ | २०८०।९।१५ | ३ पटक थप |

| | | | | | |
|---|---|---|---|---|---|
| | | देखि थम्बुचे | | | आधार नखुलेको |
| ४।२०७७।७८ | सि एम नव जानुकादेवि | पार्वती कुण्ड बुद्द पार्क निर्माण | २०७९।११।३० | २०८०।१०।३० | वीमाको म्याद थप नभएको |

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२७.५ **अधुरो आयोजना -** खरिद सम्झौता अनुसार तोकिएको म्याद भित्र निर्माण व्यवसयीले तोकिए काम सम्पन्न गर्नुपर्दछ । गाउँपालिकाले रोङ खोला देखि थम्बुचेसम्म सडक निर्माण कार्य गर्नका लागि रसुवा घिसीङ बिल्ड्रससंग रू ७३०५२१५ मा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८।१२।२४ मा खरिद सम्झौता गरेको देखिन्छ । लागत अनुमान तयार गर्दा हार्ड रक कटिङ सहितको रू १८९९०८३२ को लागत अनुमानत तयार गरी निर्माण व्यवसायीले ६१ प्रतिशत घटि कवोल गरी ठेक्का सकार गरेकोमा हाल निर्माण व्यवसायीले काम नगरी अधुरै रहेको देखियो । तीन पटकबाट म्याद थप गरी कार्य सम्पन्न गर्ने अवधी २०८०।१०।३० सम्म कायम गरे तापनि प्रथम रनिङ विल २०७८।७९ मा रू ३७२४०४६ भुक्तानी भएपश्चात निर्माण व्यवसायीले कुनै काम गरेको छैन । कडा चट्टान कटानको क्षेत्रमा काम वाँकि रहेको र निर्माण व्यवसायीले काम सुचारू समेत गरेको छैन । पेश्की वापत भुक्तानी भएको रकम रू १०६११०० को फर्स्यौंट गर्ने म्याद समाप्त भइसकेकोले उक्त पेश्की जफत गरी निर्माण व्यवसायीलाई खरिद सम्झौता अनुसार कार्वाही गरी ठेक्का सम्पन्न गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | १०,६१,१०० |

२७.६ **बढि भुक्तानी -** सार्वजनिक खरिद नियमालवी २०६४ को नियम १२३ वमोजिम निर्माण व्यवसायीलाई भुक्तानी गर्दा वास्तविक नापीका आधारमा मात्र काम भएको नापी गरेर भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तपशिल वमोजिमको निर्माण व्यवसायीलाई भुक्तानी गर्दा वास्तविक नापी भन्दा बढिको भुक्तानी गरेको देखिएकोले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रू

| **ठेक्का नं** | **निर्माण व्यवसायी** | **आइटम** | **रकम** | **कैफीयत** |
|---|---|---|---|---|
| ४।२०७७।७८ | सी एम नव जानुकादेवि जेभि | एजविल्ड ड्रइङ | ९१९८० | कार्य सम्पन्न नभएको |
| | | घटि जिम्मेवारी सारेको | १४२३८ | आइपिसी १ वाट २ मा |

| | | | | |
|---|---|---|---|---|
| | | साइटमा हेर्दा स्टिल जडान नभएको | ४२५८० | |
| जम्मा | | | १४८७९८ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४८,७९८ |

२७.७ स्थलगत अनुगमन - गाउँपालिकाबाट निर्माण भइरहेको पार्वती कुण्ड बुद्धपार्क निर्माण कार्यको स्थलगत अनुगमन गर्दा स्टाच्यु मुनीको शेयर वालमा honey comb को साथै वाङ्गो रहेको मेशिनरी वाल समेत वाङ्गो रहेको तथा होमस्टेको फिनिसिङमा समस्या देखिएकोले पालिकको प्राविधिक कर्मचारीबाट अनुगमन गर्न लगाइ तोकिएको स्पेशिफीकेसन र डिजाइन अनुसार निर्माणमा सुधार गर्न लगाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

२८ **फरक शिर्षक खर्च -** आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(२) वमोजिम स्वीकृत वार्षिक बजेटर तथा कार्यक्रम तथा सम्बन्धित खर्च शिर्षकमा परेको खर्च गर्न बाँकि रकम एकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले तपशिल वमोजिमका खर्चमा एक शिर्षकमा तोकिएकोमा बजेट तथा कार्यक्रम अर्कै असम्बन्धी कार्यक्रममा खर्च गरेको तपशिल वमोजिमको खर्चलाई नियमसम्मत मान्न नसकिएको रू

| **गो भौ नं र मिति** | **विवरण** | **गर्नुपर्ने शिर्षक** | **गरेको शिर्षक** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| ३४०।२०८०।३।२२ | अनुगमन खर्च लेखेको | भ्रमण | अनुगमन शिर्षक | १५०८३५ |
| २६।२०७९।११।२५ | कम्प्युटर ल्यापटप खरिद | मेशिनरी औजार | फर्निचर एण्ड फिक्चर | २७८४९९ |
| १६१।२०८०।३।२४ | भ्रमण भत्ता खर्च | भ्रमण | सडक योजनाबाट | ५०४५० |
| १६२।२०८०।३।२४ | सामान खरिद | कार्यालय व्यवस्थापन | सडक योजनाबाट | ६३४८३४ |
| जम्मा | | | | १११४६१८ |

| | |
|---|---|
| अनियमित भएको | ११,१४,६१८ |

२९ **आन्तरिक आय तर्फ -** गाउँपालिकाले उपलव्ध गराएको राजस्व विवरण अनुसार यो बर्ष बिभिन्न शिर्षकहरूमा रू.७०४६०८९.७६ आम्दानी गरेको देखाएको छ । उक्त आन्तरिक आयको लेखापरीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन

२९.१ **वडागत राजश्व -** गाउँपालिका अन्तर्गत ५ वडा रहेकोमा वडा कार्यालयहरूबाट समेत सिफारिश दस्तुर लगायतका शिर्षकमा राजश्व असुली गर्ने अधिकार दिएको पाइयो । ती वडाहरूबाट मालपोत र शिफारिस लगायतका दस्तुर सबै वडावाट रू.९५३८७२.०० असुल भएको लेखापरीक्षणमा प्राप्त विवरणवाट देखिएको छ । गाउँपालिकाले नगदी रसिद नियन्त्रण खाता अद्यावधिक नगरेको कारण वडावाट प्राप्त राजश्व भिडान गर्न सकिएन । वडा सचिवहरूले गाउँपालिकावाट नगदी रसिद वुझि लिने र एउटा ठेलीबाट असुल भएको राजश्व एकमुष्ट गाउँपालिकाको राजश्व दाखिला भौचर पेश गरेपछी अर्को रसिद ठेली लाने गरेको देखियो । वडा कार्यालयहरूमा सिफारिश सम्बन्धी अलग्गै अभिलेख राख्ने नगरेकोले के कति राजश्व प्राप्त हुनुपर्ने थियो भनि एकिन गर्ने अवस्था रहेन । वडामा प्राप्त राजश्व ढिला दाखिला गर्ने गरेको देखियो । शिफारिस सम्बन्धी पत्रहरूको अभिलेख राखी गाउँपालिकावाट अनुगमन हुनुपर्दछ । वडा सचिवहरूवाट नगदी रसिदको नम्वर अनुसार पोष्टिङ्ग गरी विवरण पेश नगर्दा प्रत्येक ठेलीको जोडजम्मा मात्र उल्लेख गरेको पाइयो । प्रत्येक वडा सचिववाट रसिद र राजश्व प्राप्त गर्दा रसिद नम्बर अनुसार पोष्टिङ्ग भएको विस्तृत विवरण समेत पेश गर्न लगाउनु पर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

२९.२ **असुली गर्न बाँकी आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । गाउँपालिकाले यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट सम्झौता रकमको १० प्रतिशले हुने थप जरिवाना रकमसमेत रू. ७४९५५१ असुल गर्नेपर्ने रू

| **सि.नं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम** | **दाखिला रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| १ | गोपो जम्बो कन्स्ट्रक्सन जेभि | ढुङ्गा गिट्टी वालुवा | १०८१४१० | ४००००० | ७४९५५१ |

| असुल गर्नुपर्ने | ७,४९,५५१ |
|---|---|

२९.३ **आन्तरिक राजस्व अनुमान तथा असुली -** यो वर्ष गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट जम्मा रू. २८००००० आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रू.७० लाख आम्दानी गरेकोले लक्ष्यको तुलनामा बढी आम्दानी गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानीमा प्रमुख स्रोतो रूपमा स्काभेटर भाडाबाट राजश्व प्राप्त गरेको देखिन्छ । आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली विच ठुलो अन्तर

रहेको छ । गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरूको लगत म.ले.प.फा. नं. ११२ र करदाताको गोस्वारा लगत फारम म.ले.प.फा. नं. ११३, तयार गरी करयोग्य आय भएका सबैलाई करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

२९.४ **रोयल्टी असुली-** स्थानीय तहले आफ्नो क्षेत्रभित्र ढुङ्गा गिट्टी वालुवा विक्रि वितरणमा प्रदेश कानुनले तोकेको दरमा रोयल्टी असुल गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको ४ नं वडामा डोबार क्रसर उद्योग प्रा.लि सञ्चालनमा रहेको देखियो । पिङ्गाओ ग्रुप कम्पनी र डोबार क्रसर उद्योग कम्पनी बीच भएको सम्झौतामा विद्युत प्रशासरण लाइन निर्माण कार्यमा प्रयोग हुने ढुङ्गा गिट्टी र वालुवाको उत्खनन गर्नका लागि सम्झौता गरेको देखिन्छ ।क्रसर उद्योगले २५ नोभेम्बर २०१८ देखि १५ डिसेम्बर २०१९ सम्म प्रशारण लाइनमा प्रयोग हुने ढुङ्गा गिट्टी वालुवाको उत्खनन गरी प्रशारण लाइनलाई मात्र दिनुपर्ने व्यवस्था गरेकोमा उक्त क्रसर उद्योगले ढुङ्गा गिट्टी वालुवा उत्खनन गर्दै उपभोक्ता समिति तथा व्यापारीलाई बेच्ने गरेको गाउँपालिकाले पेस गरेको कागजातवाट देखियो। उत्खननको अनुमति विना प्रयोजन भन्दा फरक हुने गरी ढुङ्गा गिट्टी वालुवा उत्खनन गरी विक्री वितरण गरेकोमा गाउँपालिकामा बुझाउनु पर्ने राजश्व छलि गरेको देखिएकोले निज कम्पनीको निकासी परिमाण छानविन गरी सो अनुसार राजश्व असुल गर्नुपर्ने देखिन्छ । गाउँपालिकाले रोयल्टी असुल गर्न नगदी रसिद निज उद्योगलाई काट्न दिइ १७३ रसिदवाट रू ३०७३४१ दाखिला गरेको देखिन्छ । क्रसर उद्योगलाई नै नगदि रसिद काट्न दिनुसमेत नियमसम्मत मान्न सकिदैन । निज कम्पनीले गिट्टी बालुवाको विक्री विल पेस भएका तपशिल वमोजिमका विजकको रोयल्टी पालिकमा दाखिला गरेको नदेखिएकोले छानविन गरी एकिन रोयल्टी असुल गर्नुपर्ने रू

| **कम्पनीको नाम** | **विजक नं** | **विक्री परिमाण** | **विक्री रकम** | **रोयल्टी** |
|---|---|---|---|---|
| डोबार क्रसर उद्योग प्रा लि | ०११ | वालुवा ४४२४ सेप्टी<br>गिट्टी ८४९० सेप्टी | ७९४३१० | ११६२२६ |
| | ०५० | वालुवा २१ घ मि | ५८१३८ | ६६१५ |
| | ०४३ | वालुवा ६७ घ मि | १८५४८९ | २११०५ |
| | ०४५ | वालुवा ३८ घ मि | १०५२०३ | ११९७० |
| | ०४४ | वालुवा ५४ घ मि<br>गिट्टी १०८ घ मि | ४०५७८२ | ५१०३० |
| | ०५२ | वालुवा ५९ घ मि | १६४५०४ | १८५८५ |
| | ००७ | २२०० सेप्टी | २२०५७६ | १९८०० |
| जम्मा | | | | २४५३३१ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४५,३३१ |

२९.५ **गिट्टी, ढुंगा, बालुवाको कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को साबिक ६४ को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा बागमती प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७६ को दफा ९ मा संघीय कानुनसंग बाझिने गरी ढुंगा, गिटी, बालुवा दहत्तर बहत्तरको शुल्क असुली र बाँडफाँड सम्बन्धी ब्यबस्था गरेको छ । बागमती प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानियले सङ्कलन गरी प्रदेश र स्थानिय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानिय सरकार सञ्चालन ऐनको दफा ६२(क) बिपरित देखिन्छ । यस गाउँपालिकाले गिट्टी ढुंगा बालुवा बिक्रिबाट यसबर्ष रू. ७ लाख ७ हजार ३४१ राजस्व प्राप्त गरेकोमा रू. २८२९३६ प्रदेश संचितकोष र रू. ४२४४०४ स्थानिय संचितकोषमा जम्मा गरी रू. ७०७३४१ बाँडफाँड गर्न बाँकी देखिएको छ । गिट्टी ढुंगा बालुवा बिक्रिबाट प्राप्त हुने राजस्व उत्पतीको आधार एबं सो राजस्व सङ्कलन गर्दा पर्ने वाताबरणीय असर समग्र प्रदेशसंग सम्बन्धित भएकाले राजस्व बाँडफाँड सम्बन्धी कानुन तर्जूमा गर्दा सो बिषयलाई मध्यनजर राखेर संघीय कानुनसंग नबाझिने गरी स्पष्ट कानूनी व्यवस्था गर्ने र सो को आधारमा राजस्व संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३० **अनुदान विरतण -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।५२-२०८०।३।२४ बाट गाउँपालिकाले भौगोलिक विकटताको कारण दैनिक रूपमा घरबाट विद्यालय जान आउन समस्या पर्ने विद्यार्थीहरूको लागी वसाई व्यवस्थापनको लागी श्री सरस्वती आधारभूत विद्यालयलाइ रू.२०००००.०० अनुदान दिएकोमा उक्त अनुदान रकमको सामाजिक परीक्षण र गाउँपालिकावाट अनुदान रकमको उद्वेश्य अनुरूपको कार्य भए नभएको समावेश गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

३१ **सिकाइको लागि सूचना प्रविधि प्रयोग -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ

।२५-२०८०।२।४बाट गाउँपालिकाले स्वीकृत कार्यक्रम अनुसार सिकाईको लागी सुचना तथा सञ्चार प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना सामाग्री तथा क्षमता विकास कार्यक्रम अन्तर्गत रसुवा कम्यूनिकेशन प्रा.लि.लाई श्री तातोपानी प्रा.वि, श्री सरस्वती प्रा.वि, श्री पार्वतीकुण्ड उ.मा.वि र श्री नेपाल राष्ट्रिय मा.वि.मा इन्टरनेट जडान गरेको भनी रू.९४५५२.०० भुक्तानी गरेकोमा इन्टरनेट जडान सहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,५५२ |

३२ **प्रिन्टर खरिद -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।३१-२०८०।२।३० बाट गाउँपालिकाले Canon MF 3010 प्रिन्टर ३ थान र Brothers DEP प्रिन्टर ४ थान समेतको रू.३३५०४९.०० मा खरिद गरी विद्यालयमा पठाएकोमा उक्त प्रिन्टर कुन कुन विद्यालयलाई हस्तान्तरण गरी पठाएको हो सो विद्यालयले जिन्सी खातामा आम्दानी वांधेको प्रमाण पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३५,०४९ |

३३ **कार्पेटको प्रयोजन खुलाउनुपर्ने -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।४४-२०८०।३।२१ बाट गाउँपालिकाले पूर्वाधार सिकाई केन्द्र भित्र खेल सामाग्री कार्यक्रमवाट रू.९९२७०.०० (ढुवानी समेत) खर्च लेखेकोमा तृषा फ्लोरिङ एण्ड फिनिसिङ्ग इन्टरप्राइजेजवाट कार्पेट १०० मिटरको रू.८९२६०.०० (मू.अ.कर समेत) मा खरिद गरी विद्यालयमा पठाएको भनिएकोमा उक्त कार्पेट कुन कुन विद्यालयमा कति कति मिटर पठाएको हो र सो कार्पेट विद्यालयको कुन कुन ठाउँमा प्रयोग भएको हो सो समेत समावेश भएको प्रतिवेदन पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८९,२७० |

३४ **शैक्षिक सामाग्री खरिद -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । ९-२०७९।२१ बाट गाउँपालिकाले १२ विद्यालयहरूलाई शैक्षिक सामाग्री खरिद र शैक्षिक तथ्याङ्क अद्यावधिकको लागी रू.१९५०००.०० निकाशा भएकोमा उक्त अनुदान रकमवाट भए गरेको कामको गाउँपालिकावाट अनुगमन गरी खरिद सामाग्रीको जिन्सी दाखिला र तथ्याङ्क अद्यावधिक भएको विवरण सहितको प्रतिवेदन पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९५,००० |

## ३५ शिक्षा तर्फ -

**३५.१ शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका १२ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ज्ञानज्वोती प्रावि | २ | २ | २ | २९ |
| २ | सरस्वती आवि | ५ | ५ | २ | ७१ |
| ३ | तातोपानी प्रावि | ४ | ४ | २ | ७६ |
| ४ | पाजुङ पावि | ३ | ३ | ० | ६४ |
| ५ | गोङ्गाङ पावि | १ | १ | १ | १९ |
| ६ | नेपाल राष्ट्रिय मावि | १० | १० | ८ | १५३ |
| ७ | ग्रे आवि | ८ | ८ | ५ | १३१ |
| ८ | पार्वती कुण्ड मावि | १६ | १६ | ९ | १९५ |
| ९ | गोसाइकुण्ड प्रावि | ३ | ३ | २ | २९ |
| १० | पार्वती कुण्ड प्रावि | २ | २ | १ | २३ |
| ११ | हाकु वेशी आवि | ५ | ५ | ३ | ८६ |
| १२ | हाकु मावि ठुलो | ८ | ८ | ४ | ११२ |
| | जम्मा | ६७ | ६७ | ३९ | ९८४ |

गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार १२ विद्यालयमा ६७ शिक्षकको दरवन्दी रहेकोमा ३९ जना करारमा कार्यरत रहेको देखिन्छ। यसरी दरवन्दी अनुसार शिक्षकको दरवन्दी पदपुर्ती गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरूजु |
|---|

**३५.२ बढी निकासा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । गाउँपालिकाले श्री सरस्वती आ

वि चिलिमेका प्रा शि द्वितीय श्रेणीका कृष्ण राज ढकालको २०७९।५।१ देखि लागु हुने गरी राजिनामा स्वीकृत भएकोमा निजको नाउँमा प्रथम त्रैमासिक र दशै शर्च समेत रू १९६३७४ निकासा भएकोमा श्रावण महिनाको रू ५०७९३ र अग्रीम कर कट्टा गरी बाँकि हुन आउने रकम रू १४४१२४ असुल गर्नुपर्ने रू

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४४,१२४ |

३५.३ **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट १६ जना नियुक्ती गरी यस वर्ष रू. ३८५१३७४ तलब भत्ता भुक्तानी गरेको पाईयो । समानीकरण अनुदानवाट शिक्षकको तलब भत्ता खर्चमा नियन्त्रण हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३६ **स्वास्थ्य तर्फ -**

**औषधी खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रूपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष सिलवन्दीबाट रू.२३६९०००।०० का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार छनः

क) आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको ।

ख) आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

ग) औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँध्ने नगरेको ।

घ) औषधि खरिद गर्दा गाउँपालिकाले खरिद गरेका औषधीको म्याद कम्तिमा १८ महिना बढिको म्याद भएको हुनुपर्ने व्यवस्था छ । पलिकाले खरिद गरेको अधिकांश औषधीको म्याद १० देखि १२ महिनासम्मको मात्र देखियो । गाउँपालिकाले औषधी खरिद गर्दा तोकिएको म्याद भएको औधषी खरिद गर्नपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरू जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

३७ **विपद व्यवस्थापन -**

३७.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि आर्थिक वर्षमा कुनै बैठक बसेको देखिएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७.२ **कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरूप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । गाउँपालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गराउनु पर्दछ ।

सैद्धान्तिक बेरूजु

३७.३ **विपद् व्यवस्थापन कोष -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । गाउँपालिकाले गत वर्षको मौज्दात रू. २५ लाख आम्दानी भई कुनै रकम खर्च गरेको छैन । गाउँपालिकाले विपद व्यवस्थापन सम्बन्धी कार्याविधी तयार गरी लागु गरेको देखिएन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३७.४ **वार्षिक प्रतिवेदन -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष विपत व्यस्थापन सम्बन्धी कुनै वैठक समेत नसेको र कुनै काम गरेको विवरण

सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३८ **स्काभेटर मर्मत -** महालेखापरीक्षकबाट स्वीकृत म ले प फाराम ४१४ वमोजिम मर्मत आदेश तथा मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरण अनुसार TATA Hitachi स्काभेटरबाट यस वर्ष रू २५१९१३५ आम्दानी गरेकोमा उक्त स्काभेटरको मर्मत खर्च मात्र रू १४,५९,७९८ देखियो ।कार्यालयले दुर्गा अर्थमुभर्सले विभिन्न मितिमा स्पेयर पार्टस र मर्मत गरेको भनि पठाएको एकमुष्ट बिलको आधारमा स्काभेटर मर्मत खर्च शिर्षकमा भुक्तानि गरेकोमा उक्त खर्चको मर्मत अभिलेख प्राप्त नभएको हुँदा वास्तविक मर्मत खर्च यकीन गर्न सकीएन। कार्यालयले मर्मत आदेशको आधारमा गराएको सबै मर्मतको अभिलेख राखि खर्च यकिन गरी भुक्तानि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

३९ **सवारी भाडा -** गाउँपालिकाले खर्च गर्दा मितव्ययिता कायम हुने गरी समानिकरणबाट उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ । गाउँपालिकाले यस वर्ष सवारी साधन भाडामा मात्र २० लाख बजेट विनियोजन गरी २० लाख नै खर्च गरेको देखियो । यसरी प्रत्येक वर्ष सवारी साधन भाडामा गाउँपालिकाको ठूलो रकम खर्च हुने गरेकोले यस्तो खर्चमा गाउँपालिकाले मितव्ययिता कायम गर्नुपर्दछ ।

सैद्धान्तिक बेरूजु

४० **सहजकर्ताको खर्च -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।३२-२०८०।३।५ बाट गाउँपालिकाले प्रारम्भिक सहजकर्ताको लागी मिति २०७९ फागुन देखि (३९० घण्टे) क्षमता विकाश कार्यक्रम सञ्चालन गरी रू.७३४००.०० खर्च गरेकोमा निम्नानुसारका सहजकर्ताहरूलाई यातायात र होटलवास खर्च भुक्तानी गरेकोमा निजहरूलाई कुन कुन विद्यालयले छनौट गरि पठाएको हो सोको प्रमाण पेश नभएको रू.

| **सि.नं** | **सहजकर्ताको नाम** | **भुक्तानी रकम** | **वापत** |
|---|---|---|---|
| १ | विनिता घले | २६००.०० | यातायात |
| २ | पासाङवाङमो तामाङ | ५८५०.०० | यातायात |
| ३ | निमायाङजेन तामाङ | ९७५०.०० | होटलवास |
| ४ | दावा चमो तामाङ | ५८५०.०० | यातायात |

| | | | |
|---|---|---|---|
| ५ | चेमन्दो तामाङ | ९६०४.०० | होटलवास |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३३,६५४ |

४१ **शिर्षक फरक पारी खर्च -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले प्र.अ.हरूको समिक्षा वैठक, स्टेशनरी, खाजा तथा यातायात खर्चमा रू.६०४५५.०० खर्च लेख्नु पर्नेमा शिक्षकहरूको लागी शैक्षीक योजना पुस्तीका १०० थान तयार गरी खर्च लेखेको पाइएकोले शिर्षक फरक गरी खर्च लेखेकोले अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | ६०,४५५ |

४२ **स्थानीय पाठ्य क्रम छपाइ -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । २७-२०८०।२।१० बाट गाउँपालिकाले स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामाग्री निर्माण कक्षा १ देखि कक्षा ५ सम्मको छपाई खर्च भनी लनर्स फ्रयाण्ड शैक्षिक सामाग्री उद्योगलाई रू.४९६०००.०० खर्च लेखेको छ । उक्त फर्मसंग भएको सम्झौता अनुसार पहिलो पक्षले कार्यक्रमको अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम मसौदा स्वीकृत गर्नुपर्ने उल्लेख भएकोमा सो भए गरेको पाइएन । दोस्रो पक्षले उक्त सामाग्री कम्तिमा ६० पृष्ठको हुनुपर्ने, नियमित अनुगमन गरी गाउँपालिकालाइ जानकारी गराउनु पर्ने, फिल्डमा गई डाटा संकलनको लागी रू.१२६०००.०० (खाना वस्नको लागी) खर्च लेखेको छ । छापिएका सन्दर्भ सामाग्री पनि कक्षा ३ र ५ को ६० पृष्ठभन्दा बढी १, २ र ४ को ६० भन्दा कम पृष्ठको रहेको देखिएकोले सम्झौता वमोजिम किताव छापेको नदेखिएकोले सम्झौता अनुसार काम गराउने तर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४३ **रनिङ शिल्ड प्रतियोगिता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।११-२०७९।११।१६ बाट गाउँसभावाट पारित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रम मिति २०७९ माघ २४ र २५ गते सञ्चालन गरी रू.३८४५३९.०० खर्च लेखेकोमा निम्नानुसार देखियो ।

४३.१ कार्यक्रमको इष्टिमेट, प्रतियोगतामा सहभागीहरूको उपस्थिति हाजिर, मुख्य रेफ्री, सहायक रेफ्री, खेल संयोजकको उपस्थति, प्रमाण पत्र छपाइको प्रमाण आदी संलग्न नरहेकोले माथी उल्लेखित प्रमाण कागजात पेश हुनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरूजु |

४३.२ निम्नानुसारका विद्यालयहरूलाई कार्यक्रमको वजेटवाट अनुदान भनी रू.१,३१,०००.०० निकासा दिएकोमा उक्त खर्चको विल भरपाइ संलग्न नभएकोले उक्त निकासा रकम रकमको विल भर्पाइको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| **सि.नं** | **विद्यालयको नाम** | **निकासा रकम** |
|---|---|---|
| १ | श्री ग्रे आधारभूत विद्यालय | २५०००.०० |
| २ | श्री हाकु माध्यामिक विद्यालय | ३७०००.०० |
| ३ | श्री नेपाल राष्ट्रिय मा.वि | ३७०००.०० |
| ४ | श्री पार्वतीकुण्ड मा.वि | २००००.०० |
| ५ | श्री सरस्वती आधारभूत विद्यालय | १२०००.०० |
| | जम्माः | १३१०००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,३१,००० |

४४ **चित्रकला प्रतियोगिता -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।गो भौ नं ८ मिति २०७९।९।२१ बाट गाउँपालिकाले चित्रकला प्रतियोगतामा रू.१०००००.०० वजेट विनियोजन भएकोमा उक्त कार्यक्रम सञ्चालनमा रू.१२९९१०.०० खर्च भएको छ । नपुग रकम रू.२९९१०.०० गाउँपालिकास्तरिय पहिचान कार्यक्रमवाट खर्च गरिएको अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | २९,९१० |

४५ **परीक्षा व्यवस्थापन -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ ।गो भौ नं १६-२०८०।१।५ बाट गाउँपालिकाले आधारभूततह उतिर्ण परिक्षा सञ्चालन तथा व्यवस्थापन खर्च भनी रू.१५००००.०० खर्च लेखेको छ । केन्द्राध्यक्ष खर्च भनी क्रमश अमरलाल यादवलाइ रू.१४८६८.००, काजी खड्कालाई रू.११४७५.०० र दुर्गानन्द साहलाई रू.११४७५.०० समेत रू.३७८१८.०० खर्च लेखेकोमा उक्त खर्चको विल भरपाइ लेखापरीक्षणमा पेश भएन । साथै अनुदान भनी ४ विद्यालयलाई रू.७०००.०० निकाशा पठाएकोमा उक्त रकमको खर्च पुष्टी हुने प्रमाण कागजात समेत पेश हुनुपर्दछ रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४४,८१८ |

४६ **बालविकास कक्षा व्यवस्थापन -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ । गाउँपालिकाले बाल विकास कक्षा व्यवस्थापनको लागी निम्नानुसारको विद्यालयहरूलाइ निम्नानुसारको रकम निकासा गरेको पाइयो । उक्त अनुदान वापतको निकासा रकमवाट भए गरेको कार्यको इष्टिमेट, कार्य सम्पन्न सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ रू.

| **सि.नं.** | **विद्यालय** | **अनुदान रकम** |
|---|---|---|
| १ | ने.रा.मा.वि | १०००००.०० |
| २ | श्री पाजुङ प्रा.वि | १०००००.०० |
| ३ | श्री पार्वतीकुण्ड मा.वि | १०००००.०० |
| ४ | श्री सरस्वती मा.वि | १०००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

## अनुसूचीहरू

अनुसूची - १

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : आमाछोदिङमो गाउँपालिका, रसुवा , आमाछोदिङमो गाउँपालिका , रसुवा**

| पद | नाम | कार्यकाल सुरू मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Gopal Prasad Dulal | २०८०-५-१७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Amar Bahadur G C | २०७८-१०-१६ | २०८०-५-१५ |
| लेखा प्रमुख | Bir Bahadur Oli | २०७८-१२-२३ | हाल सम्म कार्यरत |

**बेरूजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,६२१,८१२ | १४,७९०,८५३ | ५,४०३,२२५ | ० | ० | १,०६१,१०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरूजू रू.** | | | | | २२,८७६,९९० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रू.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरूजू रू.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरूजू रू.** | | | | | २२,८७६,९९० |

**स्थानीय तह :**

| **गत बर्षको जिम्मेवारी** | | १०८२४८७११ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १५३९९०५०० | **चालु खर्च** | १५१६७५००० |
| **प्रदेश सरकारबाट अनुदान** | २८७९७००० | **पूँजीगत खर्च** | १३९९०३००० |
| **राजश्व बाँडफाँट** | ९५४९९९८३ | **वित्तीय/अन्य व्यवस्था** | ३६२७८९१६ |
| **आन्तरिक आय** | ६७९२६३१.० | | |
| **अन्य आय** | ३५४०८५६१ | | |
| **कुल आय** | ३२०४८८६७५ | **कुल खर्च** | ३२७८५६९१६ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | १००८८०४७० |

**बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| | **स्थानीय सञ्चित कोषको प्राप्ती र खर्चको विवरण** | | | | |
|---|---|---|---|---|---|
| **सि.नं.** | **विवरण** | **रकम रू** | **सि नं** | **विवरण** | **रकम रू** |
| १ | गत वर्षको जिम्मेवारी | | १ | जम्मा खर्च | |
| | क) नगद | ० | | क) चालु खर्च खाता | १५१६७५००० |
| | ख) सन्चित कोष खाता | ९८१५१७२१.८ | | ख) पुँजिगत खर्च खाता | १३९९०३००० |
| | ग) प्रकोप व्ववस्थापन कोष | २५०६६१५ | | | |
| | घ) धरौटी खाता | १९८२९७० | | | |
| | ङ) बाँडफाडवाट प्राप्त खाता | ० | | | |
| | च) स्थानीय तह विभाज्य कोष खाता | १६०५४९८ | २ | निकाशा फिर्ता | |
| | छ) स्थानीय तह विविध कोष खाता | ६८१४२१.७५ | | | |
| | ज) आन्तरिक राजश्व खाता | ३३२०४८४.६९ | | | |
| | | | | | |
| २ | राजश्व आन्तरिक आय तर्फ | | ३ | अन्तर सरकारी वित्त हस्तान्तरण खर्च | |
| | क) आन्तरिक आय | ७०४६०८९.७६ | | क) सामाजिक सुरक्षा | ३५४०८५६१.८१ |
| | ख) राजश्व वाँडफाँड (संघ) | ७६३०७४३९.७३ | | ख) प्रदेश पुर्वाधार स्वास्थ्य कार्यक्रम | |
| | ग) राजश्व वाँडफाँड (प्रदेश) | १२१४६४५३.७४ | | ग) भौतिक पुर्वाधार विकास कार्यक्रम | |
| | घ) रोयल्टी जलविद्युत तथा विद्युत | ०. | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | वित्तीय हस्तान्तरण | | ४ | कोष खर्च | |
| | क) संघीय समानिकरण | ६७४३२५००. | | क) प्रकोष व्यवस्थापन कोष खर्च | |
| | ख) संघीय सशर्त | ७४५५००००. | | | |
| | ग) संघीय विशेष | २८३६०००. | | | |
| | घ) संघीय समपुरक | ९१७२०००. | ५ | धरौटी खर्च | |
| | ङ) प्रदेश समानीकरण | ५६७९०००. | | | ८७०३५५ |
| | च) प्रदेश सशर्त | १६८७७०००. | | | |
| | छ) प्रदेश विशेष | ०. | | | |
| | ज) प्रदेश समपुरक | ६२४१०००. | ६ | बैंक मौज्दात | |
| | | | | क) सन्चित कोष खाता | ९१४७०५०५.७१ |
| | | | | ख) प्रकोप व्यवस्थापन कोष खाता | २५०६६१५ |
| ४ | अन्तर सरकारी हस्तान्तरण | | | ग) धरौटी खाता | ६९०३३५०.५५ |
| | क) सामाजिक सुरक्षा | ३५४०८५६१.८१ | | घ) स्थानीय तह विभाज्य कोष खाता | ० |
| | ख)भौतिक पुर्वाधार विकास कार्यक्रम | | | ङ) स्थानीय तह विविध कोष खाता | ० |
| | | | | च) आन्तरिक आय खाता | ० |
| ५ | विविध खाता | | | | |
| | धरौटी खाता | ५७९०७३५. | | | |
| | स्थानीय तह विविध कोष खाता | ३८०९४२.५ | | | |
| | स्थानिय तह विभाज्य कोष खाता | ६२०९५४. | | | |
| | जम्मा | ४२८७३७३८७.७८ | | जम्मा | ४२८७३७३८८.१ |

**बेरूजु दफा १८.२ सँग सम्बन्धित विवरण - अनुसूची -३**

| वडा | नाम | मृत्यु भएको मिति | नागरिकता नं. | रकम निकासा अवधी | दर (प्रति महिना) | वढी निकासा रकम |
|---|---|---|---|---|---|---|
| १ | पोक्ची तामाङनी | २०७९।१०।११ | ३५२/५९८ | तेस्रो त्रैमासिक पुरै | ४००० | १०५३४ |
| | दुण्डुप तमाङ | २०७९।७।३० | १७८/५८८ | चौथो त्रैमासिकआंशिक | ४००० | ८००० |
| | उर्पा तमाङ | २०७९।१२।१२ | ३३९/६०७ | १८ दिनको बढी | ४००० | २४०० |
| २ | डण्डुल तमाङ | २०८०।१।६ | १६६/३०६ | चौथो त्रैमासिक पुरै | ४००० | ११२०० |
| ३ | फुर्पु चिमा तमाङ | २०८०।१।१ | १७७/१५५ | चौथो त्रैमासिक पुरै | ४००० | ११८६६ |
| | पेम्वा नाम्ग्याल तमाङ | २०७९।१०।११ | ३५०/४१० | चौथो त्रैमासिक आंशिक | ४००० | १०५३३ |
| ४ | फेसिङ लेम्बा तमाङ | २०७९।९।१३ | ५१६ | चौथो त्रैमासिक पुरै | ४००० | २२६६ |
| | फुर्पु छोमु तामाङी | २०८०।२।१४ | १३९/३९८ | चौथो त्रैमासिक पुरै | ४००० | ६१३३ |
| ५ | सोनाम साङबो तमाङ | २०७९।८।७ | ५७७ | दोस्रो त्रैमासिक पुरै | ४००० | ७०६७ |
| | बाबुलाल श्रेष्ठ | २०७९।६।१६ | १/६।२० | प्रथम त्रैमासिक पुरै | ४००० | १८६७ |
| | दावा छेण्डे तमाङ | २०८०।१।२ | ५१७/१९९ | चौथो त्रैमासिक पुरै | ४००० | ११७३४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तेन्जेन तमाङ | २०७९।१२।२६ | ३३/४४ | चौथो त्रैमासिक आंशिक | ४००० | ५३४ |
| | जम्माः | | | | | ८४१३४ |